संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# लोकवाणी

राष्ट्रिय दैनिक

फेसबुकमा : www.facebook.com/lokwani.daily




# निकासी बन्द हुँदा लाखौं मुल्यको काठ हरायो

## तस्करीको आशंकामा फर्निचर उद्योगको अनुगमन

**लोकवाणी संवाददाता**
**दमौली, माघ १२**

सरकारले निकासी नखुलाउँदा तनहुँमा लाखौं मुल्यको काठ हराएको छ । निकासी नहुँदा जंगलमा तथा सडक किनारामा टाँचा लगाएर राखिएका काठका मुढा हराएको व्यवसायीले गुनासो गरेका छन् ।

व्यास नपा, आबुँखैरेनी, बन्दिपुर र देवघाट गाउँपालिका क्षेत्रबाट काठ हराएको व्यवसायीहरुले बताएका छन् । विशेषगरि बुद्धसिंह मार्ग हुँदै काठको तस्कर हुने गरेको व्यवसायीको भनाई छ।

वन पैदावार व्यवसायी संघ तनहुँका सचिव देव रसाईलीले गत वर्ष देखी नै काठको निकासी बन्द हुँदा लाखौं मुल्यको काठ हराएको बताए। उनले व्यास नपा ९ बाट आफ्नो एक सय २० क्यु फिट चिरान काठ हराएको बताए। टाँचा लगाएको काठ हराउँदा व्यवसायीलाई नोक्सान पर्ने रसाईलीले बताए। सरकारले देश भित्रको काठको निकासी बन्द गरि बिदेशबाट अर्बौ रुपैयाँको काठ खरिद गरेर ल्याउँदा देशभरीका व्यवसायी ठुलो मारमा परेको उनले बताए।



बुद्धसिंह मार्गको छेउमा वेवारिसे अवस्थामा राखिएका काठका मुढा

निकासी नहुँदा खोला किनारामा राखिएको करिब १५ लाख बराबरको काठ बाढीले बगाएको समेत उनले बताए । अन्य व्यवसायीहरुले पनि काठको मुढा हराएको उनले बताए । काठको निकासी बन्द भएपनि बजारमा फर्निचर जन्य सामाग्रीको अभाव नहुँदा व्यवसायी आफैले फर्निचरहरुको अनुमगन गर्दा केही फर्निचरमा चोरीको काठ भेटिएको व्यवसायीहरुले बताएका छन् ।

(बाँकी पृष्ठ ३ मा)

# सुपथ मूल्य पसल सञ्चालन गर्दै एसियन सहकारी

**विवि श्रेष्ठ**
**दमौली, माघ १२**

एसियन उपभोक्ता सहकारी संस्थाद्वारा सञ्चालित एशियन मार्टको माघ १४ गते बुधबार उद्धाटन हुने भएको छ। जिल्लामा नै सहकारीबाट पसल संचालन गरेर उपभोक्ता सहकारीको उदेश्य अनुरुप काम गरेको अध्यक्ष श्रेष्ठले जानकारी बताए।

दमौली बजारको मुख्य चोकमा सुपथ मूल्य पसल संचालन गरिएको एशियन मार्टका संयोजक हरि कार्कीले




सञ्चालन हुन लागेको सुपथ मूल्य पसल एसियन मार्टको उद्धाटन हुने भएको हो।

सहकारीको मूल्य र मान्यता अनुसार पसल सञ्चालन गरिएको संस्थाका अध्यक्ष राजकुमार श्रेष्ठले जानकारी दिए । नेपाल सरकारलेनै सहकारी मार्फत उपभोक्तासँग प्रत्यक्ष जोडिने नीति अन्तर्गत सुपथ मूल्य जानकारी दिए । उपभोक्ताका लागि दैनिक उपभोग्य सामान विक्री वितरण गर्ने लक्ष्य लिएका संयोजक कार्कीले बताए।

सुपथ मूल्यका साथै गुणस्तरीय उपभोग्य समान पसलमा उपलब्ध हुनेछ। यसका साथै दैनिक उपभोग्य वस्तु तथा किचनका सामानहरु एकै

(बाँकी पृष्ठ ३ मा)

# एकदेव आलेको स्मृति दिवस मनाईयो

**लोकवाणी संवाददाता**
**दमौली, माघ १२**

क्रान्तीकारी किसान नेता एकदेव आलेको ५२ औं स्मृति दिवस सोमबार मनाईएको छ । एकदेव आले स्मृति तथा चिन्तन प्रतिष्ठानको आयोजनामा भएको कार्यक्रममा बोल्दै वक्ताहरुले एकदेव आलेको सपना पुरा गर्न कम्युनिष्टहरु एकजुट हुनु पर्ने भन्दै तर अहिले सबैभन्दा ठुलो कम्युनिष्ट पार्टी विभाजन भएपछि एकदेव आलेसँगै जनताको सपना पनि तुहिएको बताए।




प्रतिष्ठानका अध्यक्ष रामचन्द्र सापकोटाको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रतिष्ठानका संरक्षक एवं नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य प्रतापलाल श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य एवं गन्डकी प्रदेशका अध्यक्ष शंकर बराल, नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य बलराम सुवेदी, नेकपा गन्डकी प्रदेश कमिटिका सदस्य अतिन्द्रकेशरी न्यौपाने, प्रतिष्ठानका नितर्वतमान अध्यक्ष श्रीराम कार्की, जनता समाजवादी पार्टीका केन्द्रीय सल्लाहाकार कृष्ण घिमिरे,

(बाँकी पृष्ठ ३ मा)

एशियन मार्ट

व्यास-२, दमौली, तनहुँ

आम उपभोक्ताको सेवा, सुविधा र आवश्यकतालाई मध्यनजर गर्दै एशियन उपभोक्ता सहकारी संस्था लि. द्वारा तनहुँको व्यापारिक केन्द्र दमौलीमा सञ्चालित **एशियन मार्ट**को **शुभारम्भ** कार्यक्रममा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक निमन्त्रणा गरिन्छ ।

मिति : २०७७ माघ १४,१५ र १६ गते ।
समय : बिहान ७: ३० बजे देखि ।
स्थान : व्यास न.पा. २ मेनचोक, दमौली, तनहुँ

प्रार्थी
एशियन उपभोक्ता सहकारी संस्था.लि.
व्यास-२, दमौली, तनहुँ
फोन नं. ०६५-५९०४४४,
मो.नं.:- ९८६७६८४११२, ९८५१०१५३३९

हाम्रो सेवाहरू:- दैनिक उपभोग्य वस्तु एवम् किनचनका सामानहरू ।
- होम डेलिभरीको व्यवस्था ।
- नि:शुल्क Discount card को व्यवस्था ।

धूमपान तथा सूर्तिजन्य पदार्थबाट टाढै बसौं !
आफू बाँचौं र अरूलाई पनि बचाऔं !!

धूमपान भनेको के हो ?

- धूमपान भन्नाले खासगरी सूर्तिजन्य पदार्थको धुँवा खानु हो । चुरोट, बिँडी, तमाखु, कक्कडजस्ता सूर्तिजन्य पदार्थको सेवन गर्नु हो ।
- धूमपानको धुँवामा ७ हजार भन्दा बढी किसिमका रासायनिक तत्त्व पाइन्छन् । तीमध्ये ६९ भन्दा बढी तत्त्वले क्यान्सर गराउँछ ।

धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्दा हुने असर

- मुख, फोक्सो, पेट, फियो, आन्द्रा, मुत्रनली, पाठेघर आदिको क्यान्सर हुन्छ ।
- दम, दीर्घ श्वासप्रश्वास रोग, उच्च रक्तचाप, हृदयघात, मस्तिष्कघात, गर्भपतन हुने, कम तौलको बच्चा जन्मने, अवधि पूरा नभई बच्चा जन्मने, मृत बच्चा जन्मने आदि गराउँछ ।
- धूमपानको धुँवाले वर्षेनी धूमपान नगर्ने व्यक्तिलाई समेत असर गर्दछ । नजिक बसेकै कारणले विश्वमा वर्षेनी ६ लाख मानिसको मृत्यु हुने गरेको छ ।

धूमपान तथा सूर्तिजन्य पदार्थबाट बच्ने उपाय

- साथीभाइको लहैलहैमा नपरौं ।
- दीर्घकालीन असरको मनन गरी कूलतमा नफसौं !
- धूमपानबाट छुटकारा पाउनका लागि स्वास्थ्यकर्मीसँग सल्लाह गरौं !
- सार्वजनिक स्थलमा धूमपान नगरौं !
- घरभित्र र बच्चाको अगाडि कहिल्यै धूमपान नगरौं !

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौंडा, तनहुँ

लोकवाणी
दैनिक

**संसारमा यस्तो कुनै मानवीय घटना भएकै छैन र हुने पनि छैन जो महाभारतमा कल्पना नगरिएको होस् । - वेदव्यास (महाभारत)**

## सम्पादकीय.......

# नेकपाको विभाजन विरुद्ध निर्वाचन आयोग

निर्वाचन आयोगले सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) तत्कालै विभाजन हुन नसक्ने ठहर गरेको छ । लामो अध्ययन पश्चात आयोगले आईतबार आफ्नो निर्णय सार्वजानिक गर्दै निर्वाचन कानुन अनुसार तत्कालै नेकपाको विभाजन असम्भव र हेको जनाएको हो । नेकपामा प्रधानमन्त्री तथा अध्यक्ष केपी शर्मा ओली तथा अर्का अध्यक्ष पुष्पकमल दाहाल र बरिष्ठ नेता माधवकुमार नेपाल समुहले एक अर्कालाई कारवाही गर्दै आधारिक पार्टी आफु भएको भन्दै आधारिकता र चुनाव चिन्हको दावी प्रस्तुत गरेका थिए । तर निर्वाचन आयोगले भने दुबै समुहले पेश गरेको दावी राजनीतिक दल सम्बन्धी कानुन र नेकपाको अन्तरिम विधान अनुसार नभएको भन्दै दुबै समुहले आधिकारिता नपाउने र केपी शर्मा ओली र पुष्पकमल दाहाल  अध्यक्ष तथा विष्णु पौडेल महासचिव रहेको पार्टी नै आधिकारिक हुने निर्णय गरेको हो । आयोगले पुस ५ गते यता दुबै समुहले गरेको निर्णय अबैध रहेको निर्णय गरेको छ । पुस ५ गते यता प्रचन्ड-माधव समुहले प्रधानमन्त्री ओलीलाई अध्यक्ष तथा साधारण सदस्य समेतबाट कारवाही गर्दै पार्टीबाट निष्कासन गरि माधवकुमार नेपाललाई अध्यक्ष बनाएको छ भने अध्यक्ष ओली पक्षले केन्द्रीय सदस्यको संख्या थप गरेको छ । आयोगको निर्णय पछि माधवकुमार नेपालको अध्यक्ष पद र ओली समुहले थप गरेको केन्द्रीय सदस्यहरु सबै अबैध हुने भएका छन् । प्रधानमन्त्री केपी ओलीले पुस ५ गते प्रतिनिधि सभा विघटन गरेपछि नेकपामा विवाद बढेर पार्टी विभाजनको अवस्थामा पुगेको छ । राजनीतिक रुपमा नेकपा विभाजन नभएपनि मानसिक रुपमा भने विभाजन भईसकेको छ । दुबै समुहले देश व्यापी रुपमा भेला र कार्यक्रमहरु आयोजना गरि एक अर्को समुहलाई कारवाही गरि रहेका छन् । दुबै समुहले आफुनै आधिकारिक दल भएको भन्दै चुनाव चिन्ह सुर्य पाउनु पर्ने भन्दै निर्वाचन आयोगमा दावी पेश गरेका थिए । तर नेकपाको अन्तरिम विधान २०७५ मा पार्टीमा दुई अध्यक्षको निर्णय र हस्ताक्षरले मात्र पार्टी सन्चालन हुने, हरेक निर्णयहरु समहमतीमा मात्र हुने र महाधिवेशन सम्म यही अन्तरिम विधान लागु हुने उल्लेख रहेको छ । सोही विधान र राजनीतिक दल सम्बन्धी कानुनले नेकपाको दुबै समुहले पेश गरेको आधारिकताको दावी वमोजिम नहुने र नेकपा राजनीतिक रुपमा तत्काल विभाजन हुन नसक्ने निर्वाचन आयोगले ठहर गरेको हो । निर्वाचन आयोगको निर्णय पछि नेकपाको कार्यकर्ता पंक्तीमा भने खुसी छाएको छ । अव आयोगको निर्णयलाई सिरोपर गर्दै दुबै समुहले आत्मालोचना गरेर पुनः एकताबद्ध भएर घोषित मध्यावधी निर्वाचनमा जानुको विकल्प छैन ।

# छविविपरीत आक्रामक र वैयामा रामचन्द्र

**नकुल अर्याल**

प्रमुख प्रतिपक्षी दलभित्रका 'प्रमुख प्रतिपक्षी' नेता रामचन्द्र पौडेल । निरन्तर सभापति शेरबहादुर देउवासँगै पौंठेजोरी खेल्दै आएका उनले आफ्नो संयम भने कहिल्यै गुमाएनन् ।

पछिल्ला दिनहरुमा भने रामचन्द्र आक्रामक हाउभाउमा प्रस्तुत हुन थालेका छन् । अभिव्यक्तिमा पनि उत्तेजना देखिन्छ । मुलतः सरकार र प्रधानमन्त्री केपी शर्मा ओलीसँग उनी औधि रिसाएका छन् । ओलीले गरेको संसद विघटनप्रति देउवाले अन्योलपूर्ण नीति लिइरहँदा पौडेलको लाइन भने क्लियर छ । उनी संसद विघटनको स्पष्ट विरोधमा छन् ।



नेपाली कांग्रेसले केन्द्रीय समितिबाटै निर्णय गरेर देशभर संसद विघटनविरुद्ध आन्दोलन गर्यो । सभापति शेरबहादुर देउवा भने अदालतमा विचाराधीन मुद्धामा सडक तताउने पक्षमा थिएनन् । तर पौडेलकै एकोहोरो जोडबलका कारण आन्दोलन भइछाड्यो । वडा तहसम्मै आन्दोलन गरिसकेपछि भने कांग्रेस रणभूल्ल देखिएको छ । सभापति देउवा अब आन्दोलन लम्ब्याउने पक्षमा छैनन् तर वरिष्ठ नेता पौडेल आन्दोलनलाई थप सशक्त बनाउनुपर्ने अडानमा छन् । रामचन्द्र अहिले संसद सदस्य छैनन् । तर, संसद पुनःस्थापनाको पक्षमा दृढ देखिएका छन् । सतहमा हेर्दा उनले आफ्नो व्यक्तिगत लाभहानी नहेरी संविधान र विधिको वकालत गरिरहेको अर्थमा लिन सकिन्छ । तर, राजनीति यति सरल हुँदैन ।

***बदलावको टर्निङ प्वाइन्ट***

प्रमुख प्रतिपक्षको रुपमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको आरोप कांग्रेसले खेप्दै आएको थियो । जनताका एजेन्डाहरुलाई उठाएर सडक तताउन नसकेको भनेर आलोचना हुँदै आएको थियो । गत मंसिरमा कांग्रेस एकाएक निद्राबाट ब्यूँझिएझैं भयो ।

तनुहँमा प्रहरीले कांग्रेस वरिष्ठ नेता पौडेल पक्राउ गरेपछि कांग्रेसजन उत्तेजित बने । पुल उद्धाटनको विषयमा भएको विवादका बीच प्रशासनले पौडेललाई तीन घण्टा प्रहरी नियन्त्रणमा लिएको थियो ।

बयोवृद्ध नेतामाथि दुर्व्यवहार गरिएको भन्दै कांग्रेस नेता-कार्यकर्ता आगो भए । आफ्नै गृह जिल्लामा प्रहरीले कठालो समातेपछि नेता पौडेल स्वयम्ले अपमानित महसुस गरेका थिए । संयमित नेताबाट आक्रामक नेतामा परिवर्तनको टर्निङ प्वाइन्ट सम्भवत यही नै थियो ।

मंसिर २३ गते बालुवाटारमा बसेको सर्वदलीय बैठकमा प्रधानमन्त्रीप्रति पौडेलको आक्रोश हेर्न लायक थियो । सो बैठकमा सरकारको आलोचना गर्दै पौडेलले १२ बुँदे लिखित धारणा प्रस्तुत गरे ।

'संसद अधिवेशन चाँडो बोलाउनुहोस् । प्रतिगामीको धज्जी त्यहींबाट उडाइन्छ । संसदबाट संकल्प प्रस्ताव पारित गरौं ।' बैठकमा पौडेलले भनेका थिए । संसदबाट परिवर्तनविरोधी आन्दोलनविरुद्ध संकल्प प्रस्ताव पारित गराउन पौडेलको प्रस्तावलाई प्रधानमन्त्रीले वास्ता गरेनन् । बरु त्यसको २ साता नबित्दै ओलीले संसद भंग गरिदिए । यसबाट ओलीविरुद्ध पौडेलको आक्रोश अझ बढ्न पुग्यो ।

वरिष्ठ नेता पौडेलको अहिले एक सूत्रीय माग छ- संसद पुनःस्थापना । जुन संसदमा पौडेल सदस्य छैनन् त्यही संसद पुनःस्थापना गर्ने माग उनी किन गरिरहेका छन् ? संसद पुनःस्थापनाको एजेण्डा सफल गराउन सके पार्टीभित्र र बाहिर आफ्नो स्वीकार्यता बढ्ने पौडेलको बुझाई रहेको हुनसक्ने उनीनिकट नेताहरु बताउँछन् । संसद पुनःस्थापनाका लागि कठोर आन्दोलनको अगुवाई गर्नुपर्ने र परिआए आन्दोलनकारी शक्तिबीच मोर्चाबन्दी गर्नुपर्ने पौडेलको धारणा छ । पौडेलको यस्तो धारणामा कांग्रेसको संस्थापन पक्ष सहमत छैन ।

पौडेलले आफूलाई असहयोग गरेर 'हाइट बढाउन' खोजेको सभापति देउवाको बुझाइ छ । देउवानिकट केन्द्रीय सदस्य मीनबहादुर विश्वकर्मा पौडेलको उद्देश्य महाधिवेशनमात्रै भएको बताउँछन् । संसदीय गतिविधिमा रामचन्द्र दाइको भूमिका छैन । त्यसैले उहाँ र केही नेताहरुको अर्जुनदृष्टि महाधिवेशन मात्रै हो । त्यसका लागि सभापतिले जे भन्नुहुन्छ त्यसको विरुद्धमा बोल्ने र आलोचना गरेर जाने नीति हुनसक्छ । फरक मतबाटै देउवाभन्दा अब्बल बन्छु कि भन्ने उहाँलाई लागेको छ ।', विश्वकर्माले नेपाल प्रेससंग भने ।

पौडेलले पार्टीभित्र र बाहिर विपक्षी नेताको छवि बनाउन मेहनत गरेको भएपनि त्यो व्यवहारिक नभएको विश्वकर्माको टिप्पणी छ ।

वरिष्ठ नेता पौडेलका पछिल्ला अभिव्यक्तिहरु आफ्नै पार्टी सभापति देउवा र प्रधानमन्त्री ओली दुवैको विपक्षमा रहेका छन् । पार्टीभित्र छलफलकै क्रममा रहे पनि पौडेलले प्रदेशमा कांग्रेसले अविश्वास प्रस्तावको पक्षमा मतदान गर्ने दावी गरेका छन् । पार्टीमा निर्णय भइनसकेको विषयमा पौडेलले राखेको धारणालाई देउवा पक्षले 'व्यक्तिगत धारणा' को रुपमा मात्रै बुझ्नुपर्ने बताएको छ । राजनीतिक विश्लेषक जुगल भूर्तेल पौडेलको पछिल्लो राजनीतिक अभियान स्वभाविक भएको बताउँछन् । लोकतन्त्रप्रतिको निष्ठा र आसन्न महाधिवेशनको दवाव दुवै कारणले पौडेल आन्दोलन र संसद पुनःस्थापनाको पक्षमा उभिएको हुनसक्ने भूर्तेलको बुझाई छ ।

'कम्युनिष्टमा विभाजन आएको बेला निर्वाचनमा गैहाल्न पाए चुनाव जितिन्छ भन्ने कुरा पार्टी मात्रैको हितका लागि उपयुक्त हो । यद्यपि कांग्रेसले त लोकतन्त्र र संविधानको पनि कुरा गर्नुपर्‍यो । आन्दोलनबाट भए पनि संसद पुनःस्थापना हुनुपर्छ भनेर उहाँले एजेण्डासहित आफ्नो स्पेस खोज्नुभएको छ', भूर्तेलले नेपाल प्रेससँग भने । सभापति देउवा र पौडेलको धारणा अलग देखिनु कांग्रेसकै हितमा हुने भूर्तेलको बुझाई छ । 'सभापतिको कुराले पार्टीका कोर क्याडरलाई उत्साह दिएको छ । वरिष्ठ नेताको कुराले क्याडरसंगै आफूलाई कांग्रेस नभई डेमोक्रेट भन्न रुचाउनेलाई पनि उत्साह दिएको छ । यसले पार्टीलाई हानि चै गर्दैन ।', भूर्तेल भन्छन् । पौडेलका अन्य विषयमा प्रश्न उठाउन सकिएपनि लोकतन्त्रप्रतिको निष्ठामा प्रश्न उठाउन गाह्रो हुने भूर्तेलको भनाइ छ । 'लोकतन्त्र र संविधानप्रतिको निष्ठालाई राजनीतिक आन्दोलनमार्फत स्थापना गर्ने र त्यसैका जगमा पार्टी नेतृत्वमा आउने प्रयत्न गर्नुभएको हो भने पनि त्यो अस्वभाविक होइन', भूर्तेलले भने ।

***म न उदार, न अनुदारः पौडेल***

वरिष्ठ नेता रामचन्द्र पौडेल भने आफू सिद्धान्तको राजनीति गर्ने व्यक्ति भएकाले कसैप्रति अनावश्यक रुपमा उदार वा अनुदार नभएको बताउँछन् । संसद विघटन असंवैधानिक भएकोले संविधान बचाउनका लागि आफूले आन्दोलनको विकल्प नदेखेको उनको भनाइ छ ।

'राजनीतिमा मध्यमार्ग हुनुपर्छ तर संविधान र लोकतन्त्रविरुद्ध उभिनेका विरुद्ध कठोर नै हुने हो । म संविधानलाई मूलधारमा ल्याउन लागिपरेको छु । संसद पुनःस्थापना भएर मैले केही पाउँदिन तर देशको संविधान जोगिन्छ ।', पौडेलले नेपाल प्रेससंग भने । उनले आफू प्रधानमन्त्री ओली वा सभापति देउवासंग अनुदार नभएको बताउँछन् । 'म कसैसंग अनुदार पनि होइन, उदार पनि होइन । मेरो सिद्धान्तको कुरा हो । लोकतन्त्र र संविधान बचाउन मैले आन्दोलनको कुरा गरेको हुँ ।', पौडेलले भने ।

नेपाली कांग्रेसको १३ औं महाधिवेशनमा देउवासंग पराजित भएयता धेरै आन्तरिक विषयमा पौडेलले फरक मत राख्दै आएका छन् । कतिपय आन्तरिक विषयमा कठोर देखिएपनि पौडेल सहजै सहमतिमा आउने बुझाई पनि पार्टीमा विद्यमान थियो ।

यतिबेला भने पौडेल सभापति देउवा र प्रधानमन्त्री ओली दुवैप्रति कठोर नीति बोकेर हिँडेका छन् । आन्दोलनप्रतिको अग्रसरता र नेतृत्वप्रतिको आक्रामकताले पौडेललाई कत्तिको राजनीतिक लाभ मिल्ने हो ? अझै केही समय धैर्य गर्नुपर्ने हुन्छ ।

***फर्स्‌ट म्यान बन्न नसकेका नेता***

६ दशकदेखि राजनीतिमा सक्रिय नेता पौडेल अहिलेसम्म पार्टी र सरकारमा फार्स्ट म्यान बन्न सकेका छैनन् । यद्यपि, सत्ता र शक्तिमा बसेको अनुभव भने उनीसँग मनग्ये छ ।

२०४८ सालको निर्वाचनपश्चात पौडेल स्थानीय विकास मन्त्री बने । २०५१ को मध्यावधि निर्वाचनपछि प्रतिनिधिसभाको सभामुख चुनिए । २०५७ सालमा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा उपप्रधान तथा गृहमन्त्री थिए उनी । नेपाली कांग्रेसको महामन्त्री र उपसभापति रहिसकेका पौडेल तत्कालीन कांग्रेस सभापति सुशील कोइरालाको निधनपछि केही समय कार्यवाहक सभापति पनि भए । पहिलो संविधानसभामा कांग्रेस संसदीय दलको नेता रहेका पौडेलको 'फर्स्‌ट म्यान' बन्ने धोको भने अझै पूरा भएको छैन । पार्टीका तर्फबाट प्रधानमन्त्री पदको उम्मेदवार रहँदा संसदमा १७ पटकसम्मको मतदानमा बहुमत जुटाउन उनी असफल भएका थिए । त्यो १७ पटकका हारले उनलाई अहिलेसम्म पनि लखेटिरहन्छ ।

२०७२ फागुनमा सम्पन्न कांग्रेस महाधिवेशनमा सभापतिमा पराजित भएका पौडेल आसन्न महाधिवेशनमा पनि सभापतिको आकांक्षीका रुपमा रहेका छन् । २०४८ यताका पाँच आमनिर्वाचन जितेका पौडेल गत निर्वाचनमा नेकपाका किसान श्रेष्ठसँग पराजित भएका थिए।

(स्रोत : नेपाल प्रेस डटकम)

# सहिद सप्ताहको अवसरमा विद्यालय स्तरीय विभिन्न प्रतियोगिता सम्पन्न

**लोकवाणी संवाददाता**
**दमौली, माघ १२**

सहिद सप्ताहको अवसरमा देवघाट गाउँपालिकाको आयोजनामा सोमबार विद्यालय स्तरीय विभिन्न प्रतियोगिताहरु आयोजना गरियो। गाउँपालिकाको आयोजना तथा शिक्षा शाखाको समन्वयमा कक्षा ९ देखी १२ सम्मका विद्यार्थीहरु विच अंग्रेजीमा निबन्ध लेखन प्रतियोगिता, आधारभुत तहका विद्यालय विच हाजिरि जवाफ प्रतियोगिता र बालविकासका विद्यार्थीहरु विच क्षमता प्रस्फुटन प्रतियोगिता आयोजना गरिएको थियो।



बालविकास केन्द्र स्तरीय क्षमता प्रस्फुटन प्रतियोगितामा सिद्ध महाकाली माविकी रिसीका थापा प्रथम, चक्रवर्ती प्राविका कुमार तामाङ द्वित्तिय, सिद्ध महाकाली माविकी दिब्या मगर तृतीय र कालिका प्राविका रोगन गुरुङ सान्त्वना भएका थिए।

प्रतियोगितामा ८ वटा विद्यालयका १६ जना बालबालिकाका सहभागिता रहेको थियो।

त्यस्तै आधारभुत तह स्तरीय हाजिरि जवाफ प्रतियोगितामा आदर्श मावि प्रथम, परमानन्द संस्कृत गुरुकुलम द्वित्तिय, सर्वोदय मावि तृतिय र कालिगंगा मावि

*(बाँकी पृष्ठ ४ मा)*

## निकासी ...

व्यास नपा १ को एक फर्निचरमा अबैध काठ ल्याएको सुचनाको आधारमा डिभिजन वन कार्यालयका कर्मचारीले केही दिन अघि एक व्यक्तिलाई पक्राउ समेत गरेका छन्। उनलाई बन मुद्दा दर्ता गरि हिरासतमा राखिएको छ। सामुदायीक वन उपभोक्ता महासंघ तनहुँका अध्यक्ष कृष्ण न्यौपानेले काठ हराएको बारेमा महासंघमा लिखित गुनासो नआएपनि आफुले धैरै ठाउँमा यसबारेमा सुनेको बताए।

सामुदायीक वन उपभोक्ता महासंघ भानु नगरपालिकाका अध्यक्ष अनिल पाण्डेले पनि राज्यले काठको निकासी नखुलाउँदा व्यवसायीले लाखौं मुल्यको काठ गुमाउनु परेको बताए।

डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले काठको तस्कर भएको सुचना आएको बताए। भानु नगरपालिकाको एक सामुदायीक वन उपभोक्ता समितिका पदाधिकारी आएर लाखौं मुल्य बराबरको परिमाणको काठ हराएको गुनासो गरेको डिभिजन प्रमुख काफ्लेले बताए। साथै वन पैदावर व्यवसायीले पनि काठ हराएको र राती राती तस्कर हुने गरेको बारेमा गुनासो गरेको उनले बताए।

काठ समुदायको सम्पती भएको हुँदा यसको सुरक्षा पनि समुदायकै हुने भन्दै निकासी नहुँदा काठको सुरक्षा स्वयं उपभोक्ताहरुले नै गर्नु पर्ने उनको भनाई छ। सबै जंगलमा वन कार्यालयको टोलीले अनुगमन गर्न सम्भव नहुने भन्दै उनले आफ्नो सम्पत्तीको सुरक्षा समुदायले गर्नु पर्ने र तस्कर भएको पुष्टि भए वन कार्यालयलाई खबर गर्नु पर्ने बताए।

साथै टाँचा लगाईसकेको काठको सुरक्षाको जिम्मेबारी व्यवसायीहरुले गर्नु पर्ने बताउनु भयो। लाखौं रुपैयाँ लगानी गरेको काठको सुरक्षा व्यवसायीले पनि गर्नु पर्ने उनको भनाई छ। व्यवसायीको सुचनाको आधारमा अबैध रुपमा काठको तस्कर भएको आशंकामा व्यास नपा १ भादगाउँको फर्निचरबाट काठ बरामद र तस्कर गर्नेलाई पक्राउ गरिएको डिभिजन वन प्रमुख काफ्लेले जानकारी दिए।

अव फर्निचर उद्योगहरुको अनुमगन गर्ने भन्दै उनले अबैध रुपमा काठको तस्कर गर्नेहरुलाई कानुनी दायरामा ल्याईने काफ्लेले बताए। सामुदायीक वन उपभोक्ता महासंघ, वन पैदावर व्यवसायी तथा उपभोक्ताहरुको सहयोगमा काठको अबैध ओसार पसार र तस्करीलाई रोक्ने काफ्लेले बताए।

## किसान...

नेकपाका नेता गुणनीधि शर्मा, बाम बुद्धिजिवि डम्बरदेव कैनी, शिक्षक संगठनका पुर्व जिल्ला अध्यक्ष इन्द्रबहादुर अधिकारी, नेपाल राष्ट्रिूय शिक्षक संगठनका पुर्व जिल्ला अध्यक्ष हरिबहादुर थापा, राष्ट्रिूय जनमोर्चा तनहुँका नेता श्रीकुमार श्रेष्ठ लगायतले मन्तव्य राखेका थिए।

सो कार्यक्रममा प्रतिष्ठानका महासचिव मनुमाया श्रेष्ठले वार्षिक प्रतिबेदन र कोषाध्यक्ष माधव अधिकारीले आर्थिक प्रतिबेदन पेश गरेका थिए। यस अघि व्यास नपा ३ को दुर्गा मन्दिर नजिक रहेको एकदेव आलेको स्मारकमा माल्यार्पण गरिएको थियो। सो अवसरमा नेकपाका केन्द्रीय सदस्य एवं गन्डकी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री हरिबहादुर चुमान, नेकपा केन्द्रीय सदस्य प्रतापलाल श्रेष्ठ लगायतले स्वर्गीय आलेको शालिकमा माल्यार्पण गरेका थिए।

क्रान्तीकारी किसान नेता आलेको जन्म वि.स. १९८० मा हालको व्यास नपा-५ को मानहुँमा पिता पहलमान आले र आमा बोईमाया आलेको कोखबाट भएको थियो। गरिब परिवारमा जन्मिएका आले बाल्यकालमै भारतका विभिन्न शहरमा मजदुरी समेत गर्न गएका थिए। त्यही क्रममा आले ब्रिटिस सेनामा समेत भर्ना भएका थिए।

आलेले तत्कालिन ब्रिटिस सेनामा भर्ना भई दोश्रो विश्वयुद्धमा भाग समेत लिएका थिए। दोश्रो विश्वयुद्धको क्रममा ब्रिटिस सेनाको पक्षमा लडेका आले पछि भारतको स्वतन्त्रता संग्राममा सुभाषचन्द्र बोसको आजाद हिन्द फौजमा सामेल भई भारतको स्वतन्त्रताको आन्दोलनमा पनि सक्रिय थिए। मुक्ती सेनाको कमान्डर भएका आलेको नेतृत्वमा तनहुँको तत्कालिन सदरमुकाम बन्दिपुर सहित बिरगन्च र भैरहवा समेत कब्जा भएको थियो।

२००८ सालमा डा.के आईसीहको नेतृत्वमा सिंह दरबार कब्जा गर्ने टोलीको सदस्य समेत आले थिए। २००७ सालमा राणा साशन अन्त गर्ने क्रममा भारत, काँग्रेस र राणाहरु विच भएको त्रिपक्षीय सम्झौता (जसलाई दिल्ली सम्झौता समेत भनिन्छ), लाई धोका हो भन्दै पुष्पलाल श्रेष्ठले कम्युनिष्ट पार्टी गठन गर्नुए भएपिछ एकदेव आले पनि कम्युनिष्ट बनेका थिए।

नेपाल कम्युनिष्ट पार्टीको तेश्रो महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य तथा पश्चिम गन्डक क्षेत्रको इन्चार्जको रुपमा आलेले जिम्मेबारी निर्वाह गरेका थिए। २०१५ सालमा भएको पहिलो आम निर्वाचनमा तनहुँ क्षेत्र नम्बर १०३ बाट उनी नेपाल कम्युनिष्ट पार्टीको उम्मेदबार समेत बनेका थिए। यसरी विभिन्न संघर्ष गर्ने क्रममा क्यान्सर रोगबाट ग्रस्त भएका आलेको २०२५ साल माघ १२ गते भारतको दरभंगामा उपचारको क्रममा निधन भएको थियो।

## सुपथ ...

ठाउँमा उपलब्ध हुने, होम डेलिभरिको व्यवस्था रहेको, डेविड तथा क्रेडिट कार्डमार्फत सामान किन्न सकिने, डिस्काउन्ट कार्डको समेत व्यवस्था गरिएको छ।

१ करोडको लगानीमा सञ्चालन गरिएको उपभोक्ता पसलको बुधबारका दिन उद्घाटन भएतापनि ३ दिनसम्म सामान खरिद गर्ने ग्राहकलाई विशेष छुट दिइने संस्थाले जनाएको छ।




**धूमपान तथा सूर्तिजन्य पदार्थबाट टाढै बसौं ! आफू बाँचौं र अरुलाई पनि बचाऔं !!**

**धूमपान भनेको के हो ?**

- धूमपान भन्नाले खासगरी सूर्तिजन्य पदार्थको धुँवा खानु हो। चुरोट, बिँडी, तमाखु, कक्कडजस्ता सूर्तिजन्य पदार्थको सेवन गर्नु हो।
- धूमपानको धुँवामा ७ हजार भन्दा बढी किसिमका रासायनिक तत्त्व पाइन्छन्। तीमध्ये ६९ भन्दा बढी तत्त्वले क्यान्सर गराउँछ।


**धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्दा हुने असर**


- मुख, फोक्सो, पेट, फियो, आन्द्रा, मुत्रनली, पाठेघर आदिको क्यान्सर हुन्छ।
- दम, दीर्घ श्वासप्रश्वास रोग, उच्च रक्तचाप, हृदयघात, मस्तिष्कघात, गर्भपतन हुने, कम तौलको बच्चा जन्मने, अवधि पूरा नभई बच्चा जन्मने, मृत बच्चा जन्मने आदि गराउँछ।
- धूमपानको धुँवाले वर्षेनी धूमपान नगर्ने व्यक्तिलाई समेत असर गर्दछ। नजिक बसेकै कारणले विश्वमा वर्षेनी ६ लाख मानिसको मृत्यु हुने गरेको छ।

**धूमपान तथा सूर्तिजन्य पदार्थबाट बच्ने उपाय**

- साथीभाइको लहैलहैमा नपरौं।
- दीर्घकालीन असरको मनन गरी कूलतमा नफसौं !
- धूमपानबाट छुटकारा पाउनका लागि स्वास्थ्यकर्मीसँग सल्लाह गरौं !
- सार्वजनिक स्थलमा धूमपान नगरौं !
- घरभित्र र बच्चाको अगाडि कहिल्यै धूमपान नगरौं !

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र**
दुलेगौंडा, तनहुँ




**भरोसा स्वास्थ्य क्लिनिकको सेवा सम्बन्धी जानकारी**

१) दैनिक नि:शुल्क स्वास्थ्य परीक्षण
२) दैनिक दाँत, मुख विशेषज्ञ डाक्टरहरुद्वारा नि:शुल्क परीक्षण तथा अत्याधुनिक डिजिटल प्रविधिमा सहुलियत उपचार सेवा
३) दैनिक दृष्टि विशेषज्ञद्वारा आँखा परीक्षण तथा सहुलियतमा पावर चस्मा तथा उपचार सेवा
४) प्याथोलोजी ल्याव (रगत, दिशा, पिसाब आदि परीक्षण)
५) प्रत्येक हप्ता मेडिकल विशेषज्ञ डाक्टर सेवा
६) नियमित औषधि सेवन गर्नुपर्ने बिरामीका लागि औषधिमा विशेष छुट

**खुल्ने समय : बिहान ७ बजेबाट बेलुका ७ बजेसम्म**

**सम्पर्क :**
**भरोसा स्वास्थ्य क्लिनिक**
**(डेण्टल/आँखा क्लिनिक)**
व्यास-२, गणेशमानचोक, दमौली
फार्मेसी : ९८४११२७६५७/डेण्टल : ९८२११६९३०५
आँखा : ९८५६०४००७३

# पत्रकार महासंघको साधारणसभा आज

**लोकवाणी संवाददाता**
**दमौली, माघ १२**

नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाको साधारणसभा आज हुँदैछ। साधारणसभाको व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले उद्घाटन गर्दैछन्।



साधारणसभाको अवसरमा महासंघका ६ जना पूर्व अध्यक्षलाई विभिन्न पुरस्कारबाट सम्मान गर्ने कार्यक्रम छ। महासङ्घमा स्थापित सुरज गुरुङ स्मृति पुरस्कार, टिकानिधी ढुङ्गाना पुरस्कार र भर्लेली केबलबहादुर स्मृति पुरस्कार पूर्व अध्यक्षहरुलाई प्रदान गर्न लागिएको हो।

सुरज गुरुङ स्मृति पुरस्कार-२०७४ मुक्तिनाथ खनाल, २०७५ प्रकाशचन्द्र भट्टराई र २०७६ डम्बर बहादुर अधिकारीलाई प्रदान गरिनेछ। उक्त पुरस्कारको राशी रु पाँच हजार रहेको छ। टिकानिधी ढुङ्गाना पुरस्कार-२०७५ विश्वबन्धु भण्डारी र २०७६ प्रदीप काफ्लेलाई प्रदान गरिनेछ। उक्त पुरस्कारको राशी रु दश हजार रहेको छ। यसैगरी भर्लेली केबलबहादुर स्मृति पुरस्कार प्रेमप्रसाद पौडेललाई प्रदान गरिनेछ। उक्त पुरस्कारको राशी रु दश हजार रहेको छ।

# विद्यालयमा दिवा खाजालाई प्रभावकारी बनाउन अनुरोध

**लोकवाणी संवाददाता**
**दमौली, माघ १२**

शिक्षा विकास तथा समन्वय इकाई तनहुँले विद्यालयमा दिवा खाजा प्रभावकारी बनाउन विद्यालयहरुलाई अनुरोध गरेको छ।

नेपाल सरकारले आर्थिक वर्ष २०७७/०७८ को बजेटमा देश भरीका बालबिकास देखि कक्षा ५ सम्मका सबै बिद्यार्थीलाई दिवा खाजा खुवाउने गरी बजेट व्यवस्था गरेको भन्दै इकाईले कोभिड-१९ को कारणले लकडाउन, विद्यालय पठनपाठन बन्द जस्ता कारणले गर्दा समग्र क्षेत्रमा प्रभाव परेको र शिक्षामा पनि प्रभाव पारेको र विद्यालय बन्द भएको अवस्थामा दिवा खाजा सञ्चालन नभएपनि विद्यालय सन्चालन भएपछि भने उक्त कार्यक्रम सुरु भएको जनाएको छ।

हाल आएर तनहुँका प्राय विद्यालय नियमित सञ्चालन भएको प्रति विद्यार्थी प्रतिदिन १५ रुपयाँका दरले एक सय ८० दिनको दिवा खाजाको बजेट श्रावण महिनामा नै स्थानीय तहमा पठाईसकेको इकाईका प्रमुख रमाकान्त शर्माले बताए। दिवा खाजा कार्यक्रममा सुरुवातमा केहि कठिनाइ पनि पर्न सक्ने र खाजाको रकम प्रयाप्त नभएको भन्दै शर्माले विनियोजित रकमबाट नै खाजाको व्यवस्थापन मिलाउनु पर्ने बताएका छन्।

राज्यको लागि देश भरका विद्यार्थीलाई खाजा ब्यवस्था गर्दा पनि ठूलो रकम खर्च हुने भन्दै उनले राज्यले चाहेर पनि प्रयाप्त बजेट ब्यवस्था गर्न कठिनाइ परेको हुन सक्ने जनाएको छन्। तर राज्यले दिवा खाजाकोलागि कम रकम व्यवस्थापन गरे पनि केही



विद्यालयहरुले त्यसै बजेटलाइ पनि सदुपयोग गरेर स्तरीय स्वास्थ्यवर्दक खाजा खुवाएको अनुगमनको क्रममा भेटिएको तर अझै पनि तनहुँका धेरै विद्यालयले खाजा नखुवाएको, खाजामा निर्देशिका भन्दा बाहिर गएर पत्रु खाना (जंक फुड) चाउचाउ, बिस्कुट जस्ता खानाहरु खुवाएको पनि पाइएको शर्माले जनाए।

स्थानीय तहबाट विद्यालयमा बजेट नगएको भए बजेट पठाउन, अभिभावकको चासो बृद्धि गर्न, सचेत समुदायबाट खाजा कार्यक्रमलाई सहयोग हुने वातावरण निर्माण गर्न, जिम्मा पाएकालाई जिम्मेवार बनाउन र साना बालबालिकालाई राज्यले ब्यवस्था गरेको खाजा कार्यक्रमलाई विभिन्न तरिकाले सहयोग पुऱ्याइदिन हुन शर्माले सबैमा अनुरोध गरेका छन्।

# सहिद...

सन्त्वना भएका थिए। सो प्रतियोगितामा १३ वटा विद्यालयको सहभागिता रहेको थियो।

यस्तै कक्षा ९ देखी १२ सम्मको अंग्रेजीमा निबन्ध लेखन प्रतियोगितामा कालिका माविकी मुनीका गुरुङ प्रथम, पार्वती माविका बलराम मगर द्बित्तिय र महेश संस्कृत गुरुकुलमका रोचन रिमाल तृतिय भएका थिए। सो प्रतियोगितामा १२ जना विद्यार्थीको सहभागिता रहेको थियो।

प्रतियोगितामा उत्कृष्ट हुनेहरुलाई सहिद दिवसको दिन माघ १६ गते आयोजित कार्यक्रममा पुरस्कृत गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरहरी सापकोटाले जानकारी दिए। सहिद सप्ताहको कार्यक्रम अन्तर्गत चौथो दिन मंगलबार युवा तथा खेलकुँद समिति र सामुदायीक वनहरुको समन्वयमा अन्तर सामुदायीक वन फुटवल प्रतियोगिता र सांस्कृतिक कार्यक्रम आयोजना गरिने भएको छ।

Montessori Trained
Pre-Primary
TEACHER WANTED
- +2 passed
- Montessori Certification
- Minimum Six months of experience
- Attractive salary for the right candidate.

Ramjyoti Boarding School
Vyas-04, Simaltar
Ph : 065-565666, 9856065005
Email : ramjyotiboarding@gmail.com

सन्चो स्वास्थ्य क्लिनिकको विशेषज्ञ स्वास्थ्य सेवा विस्तार सम्बन्धी सूचना

वरिष्ठ बाथरोग तथा प्रतिरक्षा विशेषज्ञ डा. रामकृष्ण गिरी सन्चो क्लिनिकमा आउँदै हुनुहुन्छ।
प्रत्येक महिनाको अन्तिम शनिबार। यस पटक माघ २४ गते
साथै बाथरोगको सम्पूर्ण ल्याव टेष्ट युआएरएलमा नयाँ मेसिनमा हुने जानकारी गराइन्छ।

हरेक महिनाको पहिलो शनिबार
१) अन्नपूर्ण बाल तथा महिला अस्पतालका वरिष्ठ स्त्री तथा प्रसुतीरोग विशेषज्ञ डा. सरिता गुरुङद्वारा स्वास्थ्य परीक्षण।
- महिनाबारीमा गडबडी, तल्लो पेट दुख्ने, मैलो पानी बग्ने, स्तनमा गिर्खा देखा परेमा, बाँझोपन तथा निसन्तान सम्बन्धी परामर्श तथा उपचार, आङ खस्ने समस्या, गर्भवती महिलाहरुको गर्भ जाँच तथा स्वास्थ्य परीक्षण।
(समय : बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म)
२) अन्नपूर्ण बाल तथा महिला अस्पतालका वरिष्ठ रेडियोलोजिष्ट डा. प्रकाशकुमार गुरुङद्वारा भिडियो एक्सरे सेवा, पत्थरीको समस्या भएको, गर्भवती महिलाहरुका लागि तथा भिडियो एक्सरे गर्न चाहने सबैलाई।
(समय बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म)

हरेक महिनाको दोस्रो शनिबार
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराका हाडजोर्नी, नशा तथा बाथरोग विशेषज्ञ डा. सुवास गुरुङद्वारा हाडजोर्नीको दुखाई, हातखुट्टा झमझमाएमा, ढाडको दुखाई, बाथरोग, युरिक एसिड, हातखुट्टामा गाँठागुठी पलाएका बिरामीहरुलाई स्वास्थ्य परीक्षण गरिने।
(समय बिहान ९ बजेदेखि दिउँसो ३बजेसम्म)

हरेक महिनाको तेस्रो शनिबार
वरिष्ठ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ डा. आनन्द नेपालद्वारा स्वास्थ्य परीक्षण।
MBBS (KU) MD, Dematologist (NAMS) MMC No. 4435
प्रत्येक दिन बिहान ६ बजेदेखि १० बजेसम्म र साँझ ५ बजेपछि डा. शान्ति पोख्रेल र डा. सुनिल पौडेलद्वारा स्वास्थ्य परीक्षण।

सन्चो स्वास्थ्य क्लिनिक
व्यास-३, अस्पतालगेट, दमौली
९८५६०७६२००, ९८६४३७७५०६
पुनश्च : इसिजी, भिडियो एक्सरे, रगत, दिसा, पिसाब, थाइराइड तथा आवश्यकता अनुसार रगतहरुको परीक्षण गरिन्छ।

लोकवाणी दैनिक
खोजी खोजी पढौ

## बन्दीपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ, गण्डकी प्रदेश

## दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मिति २०७७।१०।१३*

यस कार्यालयको मिति २०७७।९।२३ गते तनहुँ उदघोष राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार ठेक्का नं (BRM/MD/२०७७।७८ मा आयुर्वेदिक निःशुल्क औषधी खरिदको लागि आव्हान भई तोकिएको म्याद भित्र पर्न आएका दरभाउ पत्रहरुको मुल्याङ्कन गर्दा तपशिलको शिलबन्दी दरभाउ पत्र दाताको दरभाउ पत्र न्युनतम् मुल्याङ्कित, सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३को दफा २७ उपदफा २ बमोजिम सम्बन्धित सबै को जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही दर भाउपत्र दाता | कबोल रकम | कैफियत |
|---|---|---|---|---|
| १ | (BRM/MD/०८ २०७७/०७८ | गौतम आयुर्बेद फर्मा बानेश्वर, काठमाण्डौ | ४,९४,०१०।- | |

100 % Job Oriented Courses
"हाम्रो लक्ष्य गुणस्तर कम्प्युटर शिक्षा"
Basic, Diploma, Accounting, Hardware, Programming.
Computer Sales & Repairing
Language & Tuition Class
Golden Computer
Head Office: Vyas-2, Ganeshman Chowk
Sales Office: Greencitytoll
Damauli
065-562512
9846170254
9819127918
कम्प्युटर शिक्षा, मर्मत तथा विक्रि केन्द्र

लोकवाणी पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित लोकवाणी दैनिकका लागि सम्पादक :प्रकाशचन्द्र भट्टराई (९८५६०६०७८९), कानूनी सल्लाहकार :त्रिभुवन श्रेष्ठ, बजार व्यवस्थापक : ऋषिकान्त दुवाडी
जि.प्रशा.का.तनहुँ द.नं. १२/०६३/०६४, जि.हु.द.नं. ११/०६३/०६४, फोन : ०६५-५६२७०५, व्यास नपा-३, सफासडक, दमौली Email : lokwanidaily@gmail.com, मुद्रणःविज्ञान प्रिन्टर्स, दमौली, फोन :०६५-५६०१२४